# त्रिभुवन विश्वविद्यालय

# उपाधि मान्यता तथा समकक्षतासम्बन्धी विनियम, २०८१

**प्रस्तावना**

त्रिभुवन विश्वविद्यालय उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिले स्वदेशी तथा विदेशी विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूको उपाधि मान्यता तथा समकक्षता निर्धारण गर्ने प्रक्रियालाई सरलीकरण गर्दै व्यवस्थित गर्न र प्रभावकारी बनाउन आवश्यक भएकाले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्वन्धी नियम २०५० को नियम १३३ (२) र ३९७ ले दिएको अधिकार प्रयोग गरी कार्यकारी परिषद्ले देहायका विनियमहरू बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी विनियमहरूको नाम उपाधि मान्यता तथा समकक्षतासम्बन्धी विनियम, २०८१ रहेको छ । यसलाई संक्षिप्तमा समकक्षता निर्धारण विनियम भनिनेछ ।

(२) विनियम त्रिवि कार्यकारी परिषद्बाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस विनियममाः

(क) "प्राज्ञिक परिषद्" भन्नाले त्रिभुवन विश्वविद्यालय प्राज्ञिक परिषद् सम्झनुपर्छ ।

(ख) "कार्यकारी परिषद्" भन्नाले त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद् सम्झनुपर्छ .

(ग) "समिति" भन्नाले उपाधि मान्यता तथा समकक्षता निर्धारण समिति सम्झनुपर्छ ।

(घ) "केन्द्र" भन्नाले पाठ्यक्रम विकास केन्द्र सम्झनुपर्छ ।

(ङ) "अध्ययन संस्थान तथा संकाय" भन्नाले त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न अध्ययन संस्थान तथा संकाय सम्झनुपर्छ ।

(च) "समकक्षता तथा श्रेणी निर्धारण सुझाव समिति" भन्नाले परिच्छेद ४ को शैक्षिक उपाधि समकक्षता तथा श्रेणी निर्धारण सुझाव समिति भन्ने सम्झनुपर्छ ।

(छ) "मान्यता" भन्नाले स्वदेशी तथा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाले प्रदान गर्ने शैक्षिक उपाधिलाई त्रिभुवन विश्वविद्यालयले दिने मान्यतालाई सम्झनु पर्छ ।

(ज) "समकक्षता" भन्नाले स्वदेशी तथा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको उपाधिलाई त्रिभुवन विश्वविद्यालय अन्तर्गत सञ्चालित शैक्षिक कार्यक्रमहरूको उपाधिसरह गरिने समकक्षतालाई सम्झनु पर्छ ।

(झ) "सशर्त मान्यता वा समकक्षता" भन्नाले कुनै विश्वविद्यालयको नियमित कार्यक्रमको अवधिसँग नमिल्ने वा मिले पनि पाठ्यभारमा अधिक असमानता भएको तथा नियमित बाहेकका कार्यक्रमको उपाधिलाई दिइने मान्यता वा समकक्षता सम्झनुपर्छ ।

(ञ) "कार्यकारी निर्देशक" भन्नाले त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशकलाई सम्झनुपर्छ ।

(ट) "क्रेडिट" भन्नाले कुनै विश्वविद्यालय वा शैक्षिक संस्थाले कुनै विषयमा गर्नुपर्ने न्यूनतम शैक्षिक क्रियाकलापलाई संकेत गर्ने पाठ्यांश बुझाउने अंकमानलाई सम्झनुपर्छ ।

(ठ) "क्रेडिट स्थानान्तरण" भन्नाले स्वदेशी वा विदेशी विश्वविद्यालय वा कुनै एक शैक्षिक संस्था वा कार्यक्रममा आर्जित गरेको क्रेडिट सोही तहको अर्को विषय वा कार्यक्रममा स्थानान्तरण गरेको भन्ने बुझाउने छ ।

(ड) "एकीकृत उपाधि" भन्नाले दुबै तहको पाठ्यांश अध्ययन गरी हासिल गरेको माथिल्लो तहको उपाधिलाई बुझाउँछ ।

(ढ) "द्वैध उपाधि" भन्नाले कुनै खास तहमा केही अतिरिक्त पाठयक्रम अध्ययन गरेको आधारमा प्रदान गरिने दुईवटा उपाधिलाई बुझाउँछ ।

(ण) "साधारण विधि" भन्नाले सम्बन्धित देशको सरकार वा नियामक निकायद्वारा स्वीकृत विश्वविद्यालय र त्यसको स्वीकृत शैक्षिक उपाधिहरूलाई प्रदान गरिने मान्यता वा समकक्षताको प्रकृयालाई बुझाउँछ । साथै त्रिविसँग समझदारी (MOU) भएका विश्वविद्यालयबाट प्राप्त उपाधि एवं पहिलो पटक विशेष विधि अपनाई कुनै उपाधिको मान्यता वा समकक्षता दिइसकेको विश्वविद्यालयको सोही उपाधिको समकक्षताको लागि अपनाइने नियमित प्रकृयालाई समेत बुझाउँछ ।

(त) "विशेष विधि" भन्नाले विनियम २ (ण) मा समाविष्ट नभएका विश्वविद्यालय वा शैक्षिक संस्थाले प्रदान गरेका उपाधिको मान्यता वा समकक्षताको लागि पहिलो पटक अपनाइने प्रक्रियालाई बुझाउँछ । यसले मान्यता वा समकक्षताको सिलसिलामा सम्बन्धित अध्ययन संस्थान वा संकायका डीन कार्यालयको राय लिई समितिले निर्णय गर्ने प्रक्रियालाई समेत जनाउँछ ।

(थ) "श्रेणी निर्धारण" भन्नाले शैक्षिक उपाधिको मूल्याङ्कन विभिन्न तरिकाले गरेको भए पनि समग्रमा श्रेणी नखुलेकोमा केन्द्रद्वारा श्रेणी निर्धारण गर्ने कार्यलाई बुझाउँछ ।

(द) "तोकिए बमोजिम" भन्नाले यस विनियम वमोजिम तोकिएको उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिले विनियममा उल्लेख भएबमोजिम गर्नुपर्ने भनि तोकिएको कुराहरूलाई सम्झनु पर्छ ।

## परिच्छेद- २

## उपाधि मान्यता तथा समकक्षता निर्धारण

**३. मान्यता तथा समकक्षताको लागि आवेदन दिनुपर्नेः** (१) त्रिभुवन विश्वविद्यालय बाहेक स्वदेशी एवं विदेशी विश्वविद्यालय तथा विश्वविद्यालय सरहको मान्यता प्राप्त शैक्षिक संस्थाबाट शैक्षिक प्रमाणपत्र प्राप्त गरेका तथा सम्बन्धित देशको अख्तियार प्राप्त नियमन निकायको स्वीकृति लिई सञ्चालित शैक्षिक संस्थाहरूबाट उपाधि लिइ मान्यता वा समकक्षताको लागि आवेदन दिएका आवेदकका प्रमाणपत्रलाई मान्यता वा समकक्षता प्रदान गरिनेछ ।

**४. साधारण विधिको लागि अपनाउनुपर्ने प्रक्रियाः** मान्यता वा समकक्षताका लागि साधारण वा नियमित विधि अन्तर्गत अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ । यस्तो आवेदनको अनलाइन वा भौतिक माध्यमका बारेमा केन्द्रले सूचित गरेबमोजिम हुनेछ । आवेदन अनलाइनमार्फत् बुझाउनु पर्नेछ । आवेदनसाथ देहायबमोजिमका कागजात संलग्न गर्नुपर्नेछ ।

(क) मान्यता वा समकक्षता माग गरिएको तह र सो भन्दा तल्लो तहको सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाले जारी गरेको शैक्षिक तह उत्तीर्ण गरेको मूल प्रमाणपत्र (Graduation Certificate) वा दीक्षान्त समारोह नभएको अवस्थामा ५ वर्ष अवधिसम्मको अस्थायी प्रमाणपत्र, ट्रान्सक्रिप्ट वा ट्रान्सक्रिप्ट जारी नगर्ने विश्वविद्यालयको हकमा मार्कसिट र प्रमाणपत्र वा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि तर खुला तथा दूर शिक्षाको उपाधिको हकमा सम्बन्धित विश्वविद्यालयको आधिकारिक पत्रसमेत पेस गर्नु पर्नेछ ।

(ख) मान्यता वा समकक्षता माग गरिएको तहभन्दा तल्लो तहको उपाधि अन्य विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको भएमा सो उपाधिको त्रि.वि. बाट प्रदान गरिएको मान्यता तथा समकक्षता पत्रको प्रतिलिपि ।

(ग) प्रमाणपत्रहरू नेपाली वा अंग्रेजी भाषामा नभए उक्त प्रमाणपत्रहरू अख्तियारप्राप्त निकाय वा व्यक्तिबाट अंग्रेजी भाषामा अनुवाद गरिएको प्रमाणित प्रतिलिपिहरू ।

(घ) क्रेडिट स्थानान्तरण गरी उपाधि प्राप्त गरेको अवस्थामा क्रेडिट आर्जन गरेको र स्थानान्तरण गरेको स्पष्ट देखिने कागजात ।

(ङ) पाठ्यक्रम विकास केन्द्र, कीर्तिपुरको नाममा आवेदन दस्तुर बुझाएको बैंक भौचर वा अनलाइन भुक्तानीको प्रमाण ।

(च) अध्ययन अवधि र क्रेडिट आवर खुलेको प्रमाणपत्रका प्रतिलिपिहरू । अध्ययन अवधि र क्रेडिट आवर नखुलेको अवस्थामा सम्बन्धित विश्वविद्यालय तथा शैक्षिक संस्थाबाट अध्ययन अवधि र क्रेडिट आवर खुलाइ जारी गरिएको आधिकारिक कागजातहरू ।

(छ) प्रयोगात्मक कार्य हुने विषयहरूको हकमा पाठ्यक्रममा उल्लेख भएवमोजिमको प्रयोगात्मक कार्य गरेको आधिकारिक प्रमाणको प्रतिलिपि ।

**५. विशेष विधिका लागि अपनाउनुपर्ने प्रक्रियाः** उपाधि हासिल गरेको व्यक्तिले मान्यता वा समकक्षताको लागि आवेदन दिदासम्म यस केन्द्रबाट मान्यता तथा समकक्षता प्रदान नभएका विभिन्न विश्वविद्यालयका शैक्षिक उपाधिको मान्यता वा समकक्षता गराउनु पर्दा विशेष विधि अन्तर्गत देहाय अनुसारका कागजातहरू पेस गर्नुपर्नेछ ।

(क) अनुसूची-१ बमोजिम तोकिएको ढाँचामा अनलाइन माध्यमबाट आवेदन दिनुपर्नेछ ।

(ख) मान्यता वा समकक्षता माग गरिएको तह र सो भन्दा तल्लो तह उत्तीर्ण गरेको प्रमाणपत्रहरू, मूल प्रमाणपत्र वा दीक्षित नभएको अवस्थामा बढीमा ५ वर्ष अवधिसम्मको अस्थायी प्रमाणपत्र, ट्रान्सक्रिप्ट वा ट्रान्सक्रिप्ट जारी नगर्ने संस्थाको हकमा मार्कसिट र प्रमाणपत्र वा चारित्रिक प्रमाणपत्र ।

(ग) मान्यता वा समकक्षता माग गरिएको उपाधिभन्दा तल्लो तहको उपाधि अन्य विश्वविद्यालय वा शिक्षण संस्थाको भएमा सो उपाधिको त्रिभुवन विश्वविद्यालयबाट प्रदान गरिएको समकक्षता पत्रको प्रतिलिपि ।

(घ) अध्ययन गरेको तहको आधिकारिक पाठ्यक्रम (Course of Study) ।

(ङ) शोधपत्र वा परियोजना प्रतिवेदन वा प्रयोगात्मक प्रतिवेदन र त्यसको विद्युतीय प्रति ।

(च) भारतबाहेक अन्यत्र देशमा अध्ययन गरेको भए राहदानी तथा विद्यार्थी भिसा वा अस्थायी/स्थायी बसोवास अनुमति पत्रको प्रतिलिपि ।

(छ) क्रेडिट स्थानान्तरण गरी उपाधि प्राप्त गरेको अवस्थामा क्रेडिट आर्जन गरेको र स्थानान्तरण गरेको स्पष्ट देखिने कागजात ।

(ज) अध्ययन अवधि र क्रेडिट आवर खुलेको प्रमाणपत्रका प्रतिलिपिहरू । अध्ययन अवधि र क्रेडिट आवर नखुलेको अवस्थामा सम्बन्धित विश्वविद्यालय तथा शैक्षिक संस्थाबाट सो खुलाइ जारी गरिएको आधिकारिक कागजातहरू ।

(झ) त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रको नाममा केन्द्र द्वारा निर्धारित दस्तुर बुझाएको बैंक भौचर वा विद्युतीय भुक्तानीको प्रमाण ।

(ञ) विनियम ४ अन्तर्गत आवेदकले पेस गरेको आवेदन र आवश्यक कागजात सम्बन्धित डीन कार्यालयमा Online Portal मार्फत रायको लागि पठाइने छ र सोको राय प्राप्त भएपछि समितिले उपयुक्त निर्णय गर्नेछ ।

(ट) डीन कार्यालयहरूमा उपाधि मान्यता तथा समकक्षताको लागि तपसिलबमोजिमको समिति रहने छः

अध्यक्ष : डीन

सदस्यहरू:

सहायक डीन

सम्बन्धित विषय समितिको अध्यक्ष

डीनले तोकेको विषय विज्ञ

सम्बन्धित कार्यक्रम हेर्ने कर्मचारी ।

## परिच्छेद- ३

## मान्यता तथा समकक्षता सम्बन्धमा थप व्यवस्था

६. **मान्यता तथा समकक्षता सम्बन्धमा थप व्यवस्था :** (क) मान्यता तथा समकक्षता निर्धारण गर्दा सम्बन्धित अध्ययन संस्थान/संकायका न्यूनतम तहगत आधारहरू, प्रवेश योग्यता, अध्ययन अवधि/क्रेडिट आवर र पाठ्यभार अवलम्बन गरिनेछ । प्रवेश योग्यता, अध्ययन अवधि वा क्रेडिट आवर, पाठ्यभार त्रिभुवन विश्वविद्यालयका सम्बन्धित अध्ययन संस्थान/संकायले तोकेबमोजिम हुनेछ ।

(ख) विनियम ६ (क) मा उल्लेख भएवमोजिमका आधारमा अध्ययन संस्थान, संकायले निर्धारण गरेको पाठ्यभार र क्रेडिट आवर पुगेको अवस्थामा विषय वा शीर्षक तोकी समकक्षता दिन सकिनेछ तर तोकिएबमोजिम नभएको अवस्थामा तह वा सम्वन्धित विषय भनि मान्यता दिन सकिनेछ ।

(ग) विश्वविद्यालयबाट जारी भएका शैक्षिक प्रमाणपत्रको मात्र मान्यता तथा समकक्षता निर्धारण गरिनेछ । तर विश्वविद्यालयसरह मान्यता भएका स्वायत्त संस्था वा कलेजले जारी गरेका प्रमाणपत्रलाई मान्यता दिन यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) आवश्यक प्रमाणपत्र र लब्धाङ्कपत्र (Certificate and Transcript / Marksheet) मा उपाधि उल्लेख भएको हुनुपर्नेछ ।

(ङ) चिकित्साशास्त्र अन्तर्गत स्नातक/स्नातकोत्तर तहमा Internship को प्रावधान भएका शैक्षिक कार्यक्रमहरूको अध्ययन पूरा गर्नेहरूको हकमा सम्बन्धित विभागमा Internship गरेको प्रमाण पेस गर्नुपर्नेछ ।

(च) शैक्षिक उपाधि प्रदान गर्ने संस्था उपाधि प्रदान गर्दाको अवस्थामा मान्यता प्राप्त विश्वविद्यालय, शिक्षण संस्था, प्रतिष्ठान वा बोर्ड हुनुपर्नेछ । क्रेडिट स्थानान्तरण गरेको भए सो संस्था समेत शैक्षिक उपाधिको लागि क्रेडिट प्रदान गर्न मान्यता प्राप्त हुनुपर्नेछ ।

(छ) शैक्षिक प्रमाणपत्रको आधिकारिकतामा थप प्रमाण आवश्यक भएमा प्रमाणपत्र प्रमाणीकरणको लागि सम्बन्धित शैक्षिक संस्था वा विश्वविद्यालय वा नियामक संस्थामा इमेल वा पत्राचार गरी सोको आधिकारिकता माग गर्न सकिनेछ । आधिकारिताको एकिन भएपछि मात्रै मान्यता वा समकक्षता प्रदान गरिनेछ ।

(ज) कुनै डिग्री तहमा Lateral entry बाट अध्ययन गरेकाहरूको हकमा त्रिभुवन विश्वविद्यालयका सम्बन्धित डीन कार्यालयहरूले तोकेको मापदण्ड पुरा गरेको हुनु पर्नेछ ।

(झ) चिकित्साशास्त्र अन्तर्गत Clinical विषयको शोधपत्र मानव विषयमा गरिएको हुनुपर्नेछ साथै संस्थासँग आवद्ध अस्पताल, अध्ययनरत संस्थामा वा सो संस्थाले सिफारिस गरिएको संस्थामा गरिएको हुनुपर्दछ ।

(ञ) विश्वविद्यालयको नाम तथा उपाधि परिवर्तन भएको अवस्थामा आवेदकले सम्बन्धित विश्वविद्यालयबाट आधिकारिक पत्र पेश गर्नु पर्नेछ ।

**७. देहायबमोजिमका उपाधि वा प्रमाणपत्रको समकक्षता वा मान्यता दिइने छैन ।**

(क) पेशा तथा ब्यवसायिक प्रयोजनका निमित्त दिइएको तालिमको उपाधि,

(ख) पेशागत क्षमता अभिबृद्धि गर्न संचालित कार्यक्रमबाट प्रदान गरिएका उपाधि,

(ग) विश्वविद्यालय वा शैक्षिक उपाधि प्रदान गर्ने संस्था, प्रतिष्ठान वा बोर्ड बाहेक अस्पताल, तालिम केन्द्र तथा पेशागत वा व्यवसायिक समाज वा संस्था आदिले प्रदान गर्ने तालिम, व्यवसायिक प्रशिक्षण, अनौपचारिक सिकाइका प्रमाणपत्र वा उपाधि, तर उल्लिखित तरिकाबाट आर्जन गरेको क्रेडिट कुनै मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक उपाधि प्रदान गर्ने संस्था, प्रतिष्ठान वा बोर्डले क्रेडिट स्वीकार गरी नियमित कार्यक्रमको उपाधि प्रदान गरेको भए सो उपाधिको समकक्षता वा मान्यता प्रदान गर्न यो व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन ।

(घ) आवेदनसाथ पेस गरेका कागजात अपुरो भएमा वा झुट्टा बेहोरा खडा गरी पेस गरेकोमा सोको निर्णय वा प्रमाणीकरण नभएसम्म,

(ङ) विद्यावारिधि तथा एमफिल तहको विनियम ४ (ख) अनुसार प्रमाणपत्र पेस नभएमा,

(च) आधिकारिकता पुष्टि नहुने वा उपयुक्त पदाधिकारीले प्रमाणीकरण गरेका प्रमाणपत्र पेस नभएमा ।

(छ) क्रेडिट स्थानान्तरण गरी उपाधि लिएकोमा ५० प्रतिशत भन्दा बढी क्रेडिट स्थानान्तरण गरी उपाधि लिएको भएमा ।

**८. विद्यावारिधि तथा एमफिल तहको समकक्षताको लागि अपनाइने विनियमअन्तर्गत उल्लिखित विषयका अतिरिक्त निम्न बमोजिम हुनुपर्नेछ ।**

(क) विद्यावारिधि तथा एमफिल तहको समकक्षता माग गर्दा आधिकारिक शोधपत्र बुझाउनु पर्नेछ ।

(ख) चिकित्साशास्त्रअन्तर्गत Super Speciality अध्ययन गर्नका लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह अध्ययन गरेपश्चात् मात्र अध्ययन गरेको हुनुपर्नेछ ।

(ग) यस विनियम बमोजिमका आवेदन उपर कारबाही भएर दिइने मान्यता वा समकक्षताको प्रमाणपत्रको ढाँचा उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिले स्वीकृत गरेअनुसार हुनेछ ।

## परिच्छेद - ४
## समकक्षता तथा श्रेणी निर्धारण सुझाव समितिसम्बन्धी व्यवस्था

९. **समकक्षता तथा श्रेणी निर्धारण सुझाव समिति गठनः** (१) त्रि.वि. बाहेकका शैक्षिक उपाधिको मान्यता वा समकक्षता तथा श्रेणी निर्धारण गर्न वा सो सम्बन्धी देखिएका विवादवारे राय लिन आवश्यक भएमा शिक्षाध्यक्षबाट केन्द्रको कार्यकारी निर्देशकको संयोजकत्वमा तीन सदस्यीय एक समिति गठन गरिनेछ ।

(२) समितिले बैठकमा दुई जनासम्म विज्ञलाई आमन्त्रण गर्न सक्नेछ । यस समितिको बैठक भत्ता तथा खाजा खर्च उपाधि मान्यता तथा समकक्षता निर्धारण समिति सरह हुनेछ ।

(३) अपिल गर्ने प्रावधानः यदि समकक्षता तथा श्रेणी निर्धारण सुझाव समितिको निर्णय उपर चित्त नबुझेमा आवेदकले निर्णय पुनरावलोकनका लागि अपिल (निवेदन) दिन सक्नेछ । उक्त विषयमा निर्णय गर्नको लागि शिक्षाध्यक्षले विज्ञसहित तीन सदस्य रहने गरी पुनरावलोकन समिति गठन गरी पुनरावलोकन गर्ने व्यवस्था मिलाईने छ ।

## परिच्छेद- ५

## विविध किसिमका उपाधिको मान्यता तथा समकक्षतासम्बन्धी व्यवस्था

१०. **विविध किसिमका उपाधिको मान्यता तथा समकक्षताअन्तर्गत निम्न किसिमका उपाधि मान्यता तथा समकक्षता पर्दछन् जसलाई मान्यता तथा समकक्षता प्रदान गर्ने विधि र प्रक्रिया देहायबमोजिम हुनेछः**

**क. खुल्ला तथा दूर शिक्षाको उपाधिको समकक्षताः**

१. खुल्ला तथा दूर शिक्षा सिकाइको तरिकाबाट प्रदान गरिएको दर्शनाचार्य तथा विद्यावारिधि उपाधिको मान्यता तथा समकक्षता गरिने छैन ।

२. प्राविधिक विषयबाहेक सम्बन्धित विश्वविद्यालयको क्षेत्राधिकार भित्रको स्वीकृत संस्था वा केन्द्रमा भर्ना भई उपाधि हासिल गरेको साधारण विषयहरूको मान्यता तथा समकक्षता दिन सकिनेछ । यस्ता उपाधिको समकक्षता वा मान्यता माग गर्दा बैध एवं क्षेत्राधिकारभित्रको विश्वविद्यालय (शैक्षिक संस्था)को सिफारिस पत्र पेस गर्नुपर्नेछ ।

३. विज्ञान तथा प्रविधि, इन्जिनियरिंग, चिकित्सा, वन, कृषि, सूचना प्रविधि जस्ता प्राविधिक विषयमा खुल्ला तथा दूर शिक्षाको माध्यम (Open and Distance Mode), अनलाइन (Online), प्राइभेटबाट हासिल गरेको उपाधिलाई मान्यता तथा समकक्षता प्रदान गरिने छैन ।

तर खुला तथा दूर शिक्षा संचालन गर्ने स्पष्ट उद्देश्यले स्थापित विश्वविद्यालय वा शैक्षिक संस्थाले विश्वविद्यालयको क्षेत्राधिकार भित्रको स्वीकृत अध्ययन केन्द्रमा भर्ना भई विषय प्रकृतिअनुरूप प्रयोगात्मक कार्यहरू समेत गरी उपाधि प्रदान गरेको भएमा प्राविधिक विषयमा समेत मान्यता प्रदान गर्न बाधा पारेको मानिने छैन । यसको लागि आवेदकले आवश्यक प्रमाणिक कागजात आवेदन साथ संलग्न गर्नुपर्नेछ । त्यस्तो मान्यता तथा समकक्षता पत्रमा खुला तथा दूर शिक्षाको समकक्षता वा मान्यता भनेर उल्लेख गरिनेछ ।

११. **अन्तरविषयक समकक्षता र मान्यता सम्बन्धमा**ः

क. एक संकाय वा अध्ययन संस्थानको एउटा विषयमा अध्ययन गर्ने विद्यार्थीले सोही संकाय वा अध्ययन संस्थानको अर्को विषयमा माथिल्लो तहको उपाधि हासिल गरी आएमा प्रवेश योग्यता (Entry requirement) नमिलेको कारण समकक्षता वा मान्यता रोकिने छैन, साथै यदि एक संकाय वा अध्ययन संस्थानको एउटा विषयमा अध्ययन गर्ने विद्यार्थीले अन्य संकाय वा अध्ययन संस्थानको अर्को विषयमा प्रवेश योग्यता पूरा गरी माथिल्लो तहको उपाधि हासिल गरी आएमा समकक्षता वा मान्यता प्रदान गर्न बाधा पर्ने छैन ।

ख. चिकित्साशास्त्र अध्ययन संस्थानतर्फ अध्ययन गर्ने विद्यार्थीले विज्ञानतर्फका विषय अध्ययन गरी उपाधि हासिल गरी आएमा र विज्ञानतर्फका विद्यार्थीले कृषि, वन, चिकित्सा, व्यवस्थापन, मानविकी र इन्जिनियरिङ्ग विषयहरू अध्ययन गरी उपाधि लिएमा प्रवेश योग्यता नमिलेको आधारमा मान्यता वा समकक्षता दिन बाधा पर्ने छैन ।

ग. अन्य संकायका अन्तरविषयक उपाधिको प्रवेश योग्यता र उपाधि सम्बन्धमा सम्बन्धित डीन कार्यालयले तोकेबमोजिम हुनेछ ।

१२. **सशर्त समकक्षता वा मान्यता** (Conditional Equivalence or Recognition)

क. खुला तथा दूर शिक्षाको माध्यम (Open and Distance Mode), प्राइभेट (private), अनलाइन (Online) माध्यमबाट अध्ययन गरेको उपाधि वा तोकिएका अध्ययन अवधिभन्दा कम अवधिको उपाधिलाई सशर्त मान्यता प्रदान गरिनेछ । त्यस्तो सशर्त मान्यता पत्रमा नै खुला तथा दूर शिक्षा, अनलाइन, प्राइभेट वा अध्ययन अवधि उल्लेख गरी तहको मात्र मान्यता रहेको लेखिनेछ ।

ख. Credit Hour मिलेको तर अध्ययन अवधि कम भएको अवस्थामा समेत मान्यता तथा समकक्षता प्रदान गरिनेछ ।

१३. **एकीकृत तथा द्वैध उपाधि** (Integrated and Dual Degree) : सम्बन्धित अध्ययन संस्थान वा संकाय अन्तर्गतको स्नातक, स्नातकोत्तर र विद्यावारिधीको लागि तोकेको पाठ्यांश, अवधि वा क्रेडिट आवर र परीक्षा

प्रणालीको मापदण्डभित्र पर्नेगरी कुनै नेपाली नागरिकले विदेशी विश्वविद्यालयबाट प्रवेशिका पछिको स्नातक, प्रवीणता प्रमाणपत्र तहपछिको स्नातकोत्तर र स्नातक पछिको विद्यावारिधीको उपाधि प्राप्त गरी समकक्षताको माग गरेमा समकक्षता दिन सकिनेछ । त्यसैगरी कुनै तहमा अध्ययन गर्दा केही थप क्रेडिट लिइ दोहोरो उपाधिको समकक्षता वा मान्यताको माग गरेमा पनि क्रेडिट पुगेको अवस्थामा दोहोरो उपाधिको समकक्षता वा मान्यता प्रदान गर्न सकिनेछ ।

१४. **अध्ययन अवधि, मुख्य विषय तथा क्रेडिट आवर** (Study Period, Core Courses and Credit Hours) **सम्बन्धमा**

क. समकक्षताको लागि त्रिभुवन विश्वविद्यालयको सम्बन्धित विषयको कम्तीमा ७५% अनिवार्य (Core) विषयबस्तु अध्ययन गरेको र अध्ययन अवधि मिलेको हुनुपर्नेछ । यसरी सम्बन्धित विषयको कम्तीमा ७५% अनिवार्य (Core) विषय अध्ययन गरेको र प्रवेश योग्यता मिलेको अवस्थामा विषय खोलेर समकक्षता प्रदान गरिनेछ ।

ख. त्रिभुवन विश्वविद्यालयको सम्बन्धित विषयको कम्तीमा ५०% अनिवार्य (Core) विषय मिलेको र क्रेडिट आवर (Credit Hours) ७५% सम्म भएको हकमा अध्ययन अवधि कम भएको वा प्रवेश योग्यता नमिलेता पनि सम्बन्धित विषयमा (Relevant Subject) उल्लेख गरी समकक्षता दिइनेछ ।

ग. त्रिभुवन विश्वविद्यालयको सम्बन्धित विषयको कम्तीमा ५०% अनिवार्य (Core) विषय पनि नमिलेको अवस्थामा वा क्रेडिट आवर (Credit Hours) ७५% भन्दा कम भएको र अध्ययन अवधि समेत कम भएका उपाधिको हकमा तहमात्र खोली मान्यता दिइनेछ ।

घ. १४ (ख) र (ग) को हकमा सम्बन्धित संकाय वा अध्ययन संस्थानको डीन कार्यालयले आवश्यक थप कोर्षहरू गराई क्रेडिट पूरा गराएको कागजात पेस गरेको अवस्थामा समकक्षता दिइने छ ।

(ङ) विनियम १४ खण्ड (ख) र (ग) का आधारमा सम्बन्धित डीनले विषय खुलाउन सक्ने छ ।

## परिच्छेद- ६
## विविध

**१५. प्रमाणपत्र आधिकारिक ढाँचामा प्रमाणीकरण भएको हुनुपर्ने:** समकक्षता एवं मान्यताको लागि पेस गरिने तोकिएबमोजिमका प्रमाणपत्र प्रमाणिक हुनुपर्नेछ । त्यस्ता प्रमाणपत्रमा विश्वविद्यालय वा शिक्षण संस्थाका शैक्षिक हैसियत देखिने पदाधिकारीले आधिकारिक ढाँचाको प्रमाणपत्रलाई प्रमाणीकरण गरेको हुनुपर्नेछ, अन्यथा त्यस्ता प्रमाणपत्रलाई मान्यता दिइने छैन । पेस भएको प्रमाणपत्रमा शंका लागेमा थप कागजात माग गर्ने र सम्बद्ध निकायमा प्रमाणीकरणका लागि पठाउन सकिनेछ । आधारभूत कागजात बिना समकक्षता वा मान्यतापत्र दिइने छैन ।

**१६. विनियमले मान्यता तथा समकक्षताको हकमा असर नपार्ने:** कसैले कुनै शैक्षिक उपाधि प्राप्त गरी मान्यता वा समकक्षता लिन जहिलेसुकै आए पनि उपाधि प्राप्त गर्दाको कानुन, मान्यता तथा समकक्षतासम्बन्धी नियमको आधारमा निर्णय गर्नुपर्नेछ ।

**१७. सरकारी मान्यता बिना समकक्षता नहुने:** कुनै पनि देशमा सञ्चालित शैक्षिक संस्थाले अर्को देशको विश्वविद्यालय वा शैक्षिक संस्थाको सम्बन्धनमा कार्यक्रम सञ्चालन गरेको भए संस्था सञ्चालन भएको देशको सरकार वा नियमन निकायको स्वीकृति प्राप्त गरेको हुनुपर्नेछ । यस किसिमको स्वीकृति सम्बन्धित निवेदकको अध्ययन अवधिसम्म कायम रहेको हुनुपर्नेछ । कसैले प्राप्त गरेको उपाधि विश्वविद्यालय संगठित रहेको वा उपाधि हासिल गरेको देशमा नै मान्य नहुने अवस्था भएमा मान्यता तथा समकक्षता प्रदान गरिने छैन । साथै त्यस्तो उपाधिको मान्यता तथा समकक्षता दिइएको भए पनि बदर हुनेछ ।

**१८. शुल्क निर्धारण:** यस केन्द्रबाट सम्पादन हुने विशेष र सामान्य प्रक्रिया अन्तर्गतको समकक्षता एवं मान्यता तथा अन्य विभिन्न कामका लागि कार्यकारी परिषद्बाट निर्धारण भएबमोजिमको शुल्क लाग्नेछ । सो शुल्कको

रकम बैंक भौचर वा विद्युतीय भुक्तानीमध्ये केन्द्रले सूचित गरेबमाजिम बैंक खातामा जम्मा गर्नुपर्नेछ । बैंक खातामा जम्मा भएको रकम फिर्ता गरिने छैन । संस्थागत मान्यता तथा समकक्षताको लागि online प्रविष्ठ गरी निर्धारित शुल्कअनुसार नियमित प्रक्रिया अपनाउनु पर्नेछ ।

१९. **विदेशी विद्यार्थीको सम्बन्धमाः** विदेशी नागरिकले नेपालमा अध्ययन प्रयोजनको लागि समकक्षता माग गरी आवेदन दिएमा जुन तहको उपाधिको समकक्षता माग गरेको हो सो तहको मात्र प्रमाणपत्रहरू तथा अन्य कागजात आवेदनमा संलग्न गर्नुपर्नेछ, तर विद्यावारिधी अध्ययन प्रयोजनको लागि स्नातकोत्तर तहको समकक्षता हुनुपर्नेछ ।

२०. **झुट्टा वा गैरकानुनी बेहोरामा कारवाही गरिने:** कुनै पनि उपाधिको मान्यता तथा समकक्षताको लागि प्रमाणपत्रहरू पेस गर्दा कसैले झुट्टा वा गैरकानुनी बेहोराको कागज खडा गरी वा बेहोरा सच्याइ वा अरू कसैको प्रमाणपत्र वा कागजात आफ्नो हो भनी झुक्याइ पेस गरेको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाइनेछ ।

२१. **पूर्व निर्णय रद्द गर्ने सम्बन्धमाः** कुनै आवेदकले पेस गरेको प्रमाणपत्रको आधारमा मान्यता वा समकक्षता प्रदान गरेकोमा पछि प्राप्त प्रमाणको आधारमा निजले पेस गरेको विवरण झुट्टा वा गैरकानुनी ठहरिएमा वा समकक्षता प्रदान गर्न अप्रयाप्त देखिएमा उक्त मान्यता वा समकक्षता पत्र जुनसुकै समयमा उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिले रद्द गर्न सक्नेछ । त्यस्तो अवस्थामा आवेदकलाई सफाइको उचित मौका दिइनेछ ।

२२. **विबरण सच्याउने सम्बन्धमा:** विनियम वमोजिम वा यस अघि प्रदान गरिएका मान्यता वा समकक्षता पत्र वा स्तर निर्धारणको पत्रमा केन्द्रको तर्फबाट छपाइसम्बन्धी त्रुटी हुन गएकोमा सच्याइ माग्न आएमा सच्याइ दिनुपर्नेछ । तर विबरण उपलब्ध गराउदा नै त्रुटी गरेको कारण प्राविधिक त्रुटि हुन गएमा उक्त त्रुटि सच्याइ माग्न आएमा रू. १००० (अक्षरूपी एक हजार मात्र) शुल्क लाग्नेछ, यद्यपी पत्र नबन्दै त्यस्तो विवरण सच्याएमा भने कुनै शुल्क लाग्ने छैन । आवेदकले उपाधि मान्यता तथा समकक्षतासम्बन्धी प्रतिलिपि माग्न आएमा रू. १००० (अक्षरूपी एक हजार मात्र) शुल्क लाग्ने छ ।

२३. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** समितिको निर्णयानुसार उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिले अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

२४. **विनियमको व्याख्या:** यस विनियमको व्याख्या गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ ।

२५. **विनियम संशोधनसम्बन्धी व्यवस्थाः** विनियममा परिमार्जन तथा संशोधन गर्नुपरेमा उपाधि मान्यता तथा समकक्षता निर्धारण समितिको सिफारिसमा प्राज्ञिक परिषद्को स्वीकृतिमा कार्यकारी परिषद्बाट गरिनेछ ।

२६. विदेशी विश्वविद्यालय एवं स्वीकृति प्राप्त शैक्षिक संस्थाहरूले प्रदान गरेको उपाधिको मान्यता तथा समकक्षता दिनको लागि सम्बन्धित देशको सरकार वा नियामक निकायहरूद्धारा स्वीकृत तथा अस्वीकृत विश्वविद्यालयहरूको सूची पाठ्यक्रम विकास केन्द्रले हरेक वर्ष अद्यावधिक गरी प्रकाशन गर्नु पर्नेछ ।

२७. **खारेजी र बचाउः** (१) उच्च शिक्षा उपाधिको मान्यता तथा समकक्षता निर्धारण कार्यविधि, २०७८ खारेज गरिएको छ ।

(२) उच्च शिक्षा उपाधिको मान्यता तथा समकक्षता निर्धारण कार्यविधि, २०७८ वमोजिम भए गरिएका काम कारवाहीहरू यसै विनियमबमोजिम भए गरिएको मानिनेछ ।

(३) यस विनियमले गरेको ब्यवस्थासँग बाझिने गरी उच्च शिक्षा उपाधिको मान्यता तथा समकक्षता निर्धारण कार्यविधि, २०७८ वमोजिमका व्यवस्थाहरू एक महिनाभित्र यस विनियम अनुकुल बनाउनु पर्नेछ । उक्त कार्यविधि अन्तर्गत परेका आवेदन यसै विनियम बमोजिम निर्णय गर्न बाधा परेको मानिने छैन ।

अनुसूची १

**Tribhuvan University**

Office of the Rector

**Curriculum Development Center**

Kirtipur, Kathmandu

Application form for recognition and equivalence of the higher academic degrees

Section A: Personal and Academic Details:

1. Applicant's name:
2. Phone number & email address:
3. University/College with Country:

4. Institute/Faculty:
5. Type of university
   Government/Public/ Private/ Community:
6. Mode of learning: Physical/ Distant/ Private/ Online
7. Study period: From ……………..…. to ………..….. [yyyy/mm] & Total Year /Semester …….
8. Date of enrollment:
9. Date of degree award:
10. Registration number:
11. Total credits completed/ Full marks:

Section B: Recognition or Equivalence sought for

1. Level and Program:
2. Major:

Section C: Details of previous degree

1. Level and Program:
2. Degree:
3. Study Period: From …..…………….………… to ……………………….… [yyyy/mm]
4. University/College with Country:

Section D: Documents to be submitted

1. Degree certificate & Transcript
2. Degree certificate & Transcript of lower level
3. Equivalence letter of lower level if other than TU/ +2 or CTEVT Nepal
4. Passport/Visa or Residence Permit if other than Nepal and India (special process)
5. Authorized character certificate
6. Internship/Logbook (if relevant)
7. Other documents as offered by the nature of degree and subject

Section E: Student's Declaration: I hereby declare that all the aforementioned details and documents are genuine. I will be liable to any of the false or fabricated information.

Signature :
Date :
Name :
Address
Municipality:
Ward No :
District :
Province :

| OFFICE USE ONLY | |
|---|---|
| Date received | : |
| Registered No | : |
| Procedure | |
| Ordinary | : |
| Special | : |
| Signature | : |